
निःशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
epprateekdaily.com

Kirloskar Oil Engines


अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ जेठ २७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 10 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८२

## मधेस सरकारले रकम नपठाउँदा सयौं योजना प्रभावित



तस्वीरः फाइल

प्रस, वीरगंज, २६ जेठ/

मधेस प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयले पर्साका सयवटा योजनाको रकम यसपालि रोकेको छ ।

मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन कार्यालयमार्फत हुने विकास निर्माण अन्तर्गत यसपालि तीन दर्जनभन्दा बढी चालू योजनाको रकम अहिलेसम्म पठाएको छैन । असार मसान्त सकिन तीन साता बाँकी रहेको र अहिलेसम्म अधिकांश योजना निर्माणका लागि रकम नपठाउँदा यसपालि सो काम नहुने भएको छ ।

बारा, पर्सा, रौतहटका दर्जनौं योजना यसपालि अधूरो हुने सो कार्यालयले जनाएको छ। गत वर्ष यस क्षेत्रका सांसद जितेन्द्र सोनल हुँदा सयौं योजनाको कार्यक्रम ल्याएको र ती योजनाहरू सञ्चालनमा रहे तापनि नयाँ मन्त्री आएपछि सबै योजनाको रकम आफ्नो क्षेत्रतिर लगेको स्रोतले बताएको छ ।

अधूरो योजना अन्तर्गत बारा, पर्सा, रौतहटका सिम्रौनगढ कङ्काली मन्दिर, बारागढी-१ सामुदायिक भवन, जीतपुरसिमरामा राधाकृष्ण मन्दिर, कलैया-१७ मा छठघाटमा सामुदायिक भवन, परवानीपुर-३ मा धर्मशाला, कलैया-८ मा अधूरो सामुदायिक भवन निर्माण, सिम्रौनगढ-२ मा शहीद जयनारायण पटेल स्मृति भवन, राजदेवी नपा-२ मा सामुदायिक भवन, गहवामाई, विन्ध्यवासिनी करिडर योजना, पोखरिया, बाराको परसौनी, परवानीपुरमा स्याटेलाइट सिटी निर्माण, वीरगंज-८ मा दलित छात्रावास निर्माण, कलैया-२ मा अमरज्योति माविको छात्रावास निर्माण, गौर-५ दलित छात्रावास, वीरगंज-१६ नगवामा ज्येष्ठ नागरिक आवास निर्माण, कलैया-२ मा ज्येष्ठ नागरिक आवास निर्माण, गौर-२ मा ज्येष्ठ नागरिक आवास निर्माण, गौर-२ मा शिवालय मन्दिर निर्माण, भगवती गापामा रामजानकी मन्दिर निर्माण, वीरगंज-१ मा डोमबस्ती धर्मशाला निर्माण, छपकैया धर्मशाला निर्माण, पचरौतामा धर्मशाला निर्माण, जीतपुरसिमरा इनर्वासिरामा धर्मशाला निर्माण, वीरगंज-१५ मा सामुदायिक भवन निर्माण, कलैया-९ मा सामुदायिक भवन, गौर-१३ रामजानकी मठ निर्माण, परवानीपुर गापामा आदर्श विकास कार्यक्रम सञ्चालन, रौतहटको भगवती गापामा आदर्श बस्ती विकास कार्यक्रम, धोबिनीमा आदर्श बस्ती विकास कार्यक्रम, परवानीपुर-५ मा धर्मशाला निर्माण, गजेन्द्रनारायण स्मृति स्थल निर्माण, परसौनी गापा-३ मा अधूरो भवन निर्माण, वीरगंज-१६ मा बौधीमाई धर्मशाला, सरकारी कार्यालयहरूको मरम्मत सुधार, श्रीपुरमा प्रादेशिक पुस्तकालय निर्माण, ठाराब क्याम्पसमा अडोटोरियम निर्माण, कलैयामा आदर्श पुस्तकालय निर्माण, सखुवापरसौनीमा सामुदायिक भवन निर्माण, गौर स्मार्ट सिटी, पर्सागढीमा सामुदायिक भवन, वीरगंज-१० मा शिवपार्वती धर्मशाला निर्माणको रकम रोकिएको शहरी विकास तथा भवन कार्यालयले जनाएको छ ।

समय सकिन लागेको र तत्काल रकम पठाए पनि सो कार्य नहुने प्राविधिकले जनाएका छन् । विनियोजित रकम माग गर्न प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र विभागलाई पत्राचार गर्दा पनि रकम नआएको कर्मचारीहरूले जानकारी दिएका छन् ।

## असारदेखि मतदाता नामावली सङ्कलन




नितेश कर्ण, वीरगंज, २६ जेठ/

निर्वाचन आयोगले असार १ गतेदेखि १८ वर्ष उमेर पुगेका नयाँ तथा छुटेका मतदाताहरूको नाम दर्ता गर्न अपिल गरेको छ ।

जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, पर्सामा नाम दर्ता गराउन निर्वाचन आयोगले जनाएको छ। आयोगले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने निर्णय गरेको छ ।

नागरिकता लिएका र मतदाता नामावली ऐन, २०७३ बमोजिम योग्यता पुगी नाम दर्ता गर्न छुट भएका सबै नेपाली नागरिकले प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालयमा गई आआफ्नो नाम दर्ता गराउन आयोगका प्रवक्ता शालिग्रामशर्मा पौडेलले जानकारी दिए ।

नाम दर्ता गर्न, विवरणमा रहेको त्रुटि सच्याउन, मतदाता नामावलीबाट नाम हटाउन, ठेगाना परिवर्तन गर्न, मतदानस्थल परिवर्तन गर्न, दोहोरो परेको नाम हटाउन सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिन सकिने जनाएको छ ।

यसैगरी आयोगबाट वितरण भएको मतदाता परिचयपत्र भएको तर कुनै कारणले मतदाता नामावलीमा नाम नरहेको व्यक्तिहरूले समेत मतदाता नामावलीमा नाम दर्ता गराउन सक्छन् । पेशा व्यवसायको कारण कुनै एक जिल्लामा बसोवास गरिरहेको तर स्थायी ठेगाना अर्को जिल्लामा रहेको भए त्यस्ता व्यक्तिले नाम दर्ताका लागि आवश्यक प्रमाणसहित जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिन सक्ने आयोगले जनाएको छ ।

## मधेस प्रदेशमा मातृ मृत्युदर बढ्यो


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २६ जेठ/

मधेस प्रदेशका स्वास्थ्य निर्देशक विजयकान्त झाले अन्य प्रदेशको तुलनामा मधेस प्रदेशमा मातृ मृत्युदर बढ्दै गएको बताएका छन् ।

सामाजिक विकास मन्त्रालयको सहयोग तथा स्वास्थ्य कार्यालय, पर्साको आयोजनामा समुदाय स्तरमा मातृ पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी एक दिने अभिमुखीकरण गोष्ठीको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् । निर्देशक झाले मधेस प्रदेशमा सर्ने, नसर्ने, कुपोषित, दीर्घरोगी आदिको सङ्ख्या बढ्नु चिन्ताको विषयण भएको बताए ।

अन्य प्रदेशको तुलनामा मधेस प्रदेशका जनप्रतिनिधिहरूले समयमा ध्यान नदिंदा पछि महामारीको रूपमा पनि मातृ मृत्युदर बढ्ने बताए । निर्देशक झाले अन्य देशको तुलनामा मधेस प्रदेशमा १ लाखमा २३९ जना आमाको मृत्यु हुनु दुःखद भएको बताए। एकजनालाई जन्म दिने आमा आफैं मृत्युको शिकार हुनु गलत हो। उनले मातृ मृत्यु दर रोकथाम गर्न जनप्रतिनिधिहरूको अहम् भूमिका रहेको बताए। भौतिक विकासभन्दा बढी अहिले सामाजिक विकासको आवश्यकता बताउँदै झाले छुट्टै बजेट निकासा गरी यस पालिदेखि मातृ मृत्युदर रोकथाम गर्न सक्दो सहयोग गर्ने बताए ।


कार्यक्रममा सहभागी जनप्रतिनिधिहरूले प्रदेश सरकारले अहिलेसम्म स्थानीय तहलाई केही गर्न नसकेको बताए । अपाङ्गता भएकालाई प्रमाणपत्र दिलाउन कठिन भएकोले तत्काल सो समस्या गापा स्तरबाट समाधान हुनेगरी पहल गर्न जोड दिए ।

नवनिर्वाचित जनप्रतिनिधिहरूले कार्यक्रममा बोल्दै यस अघिका प्रतिनिधिहरूले के गरे थाहा छैन, तर प्रदेशसँग समन्वय गरे गाउँपालिकाको समस्या समाधान हुने बताए ।

स्वास्थ्य कार्यालयका निमित्त प्रमुख नवलकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव डा मुक्तिनारायण साह, गापा अध्यक्ष लालबहादुर श्रेष्ठ, यशवन्त यादव, सहायक प्रमुख जिल्ला अधिकारी भीमदत्त पौडेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पर्सा जिल्लामा रहेका चौधवटा पालिकाका जनप्रतिनिधि, प्रमुख कार्यकारी अधिकृत, स्वास्थ्य संयोजकलगायतको सहभागिता थियो ।

## पर्सामा टाइफाइडविरुद्ध ८३ प्रतिशतले खोप लगाए




प्रस, वीरगंज, २६ जेठ/

पर्सा जिल्लामा टाइफाइडविरुद्ध खोप ८३ प्रतिशतले लगाएको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ ।

स्वास्थ्य कार्यालय, पर्साका प्रमुख नवलकिशोर साहले वैशाख ५ गतेदेखि १३ गतेसम्म सञ्चालित टाइफाइडविरुद्ध खोप पर्सा जिल्लामा १५ महीनादेखि २३ महीनासम्म उमेर पुगेका ८ हजार ४६ बालबालिका र २ देखि १५ वर्ष उमेर समूहका १ लाख ७९ हजा ७ जना बालबालिका गरी १ लाख ८७ हजार ६३ जनाले खोप लिएको बताए ।

उनले १५ महीनादेखि २३ महीना उमेर समूहका १२ हजार २६७ र २ वर्षदेखि १५ वर्ष उमेरका २ लाख ७९५ जना गरी २ लाख २६ हजार ६२ जनालाई खोप लगाउने लक्ष्य रहेकोमा ८३ प्रतिशतले खोप लगाएको बताए ।

उनले पर्सा जिल्लाको वीरगंज महानगरपालिका, पोखरिया, बहुदरमाई, पर्सागढी नगरपालिका र गाउँपालिकाहरू सखुवापरसौनी, पटेर्वासुगौली, पकाहामैनपुर, धोबिनी, जगरनाथपुर, विन्ध्यवासिनी, जीराभवानी, ठोरी, कालिकामाई, छिपहरमाई गरी १४ वटा पालिकामा खोप लगाइएको बताए ।

पर्सा जिल्लाको ११२ वटा स्वास्थ्य संस्थामा २ लाख १८ हजार २३ खोप पठाइएकोमा १ लाख ८७ हजार ९६९ खर्च भएको र ३० हजार ५४ खोप फिर्ता भएको बताए ।

## गरुडा नगरपालिकाको प्रशासकीय भवन बनाउने निर्णय




प्रस, गरुडा, २६ जेठ/

रौतहट, गरुडा नगरपालिकाको पहिलो बैठकले आफ्नै प्रशासकीय भवन निर्माण प्रक्रिया अगाडि बढाउने र एम्बुलेन्स खरीद गर्ने निर्णय गरेको छ ।

गरुडा नपाका नवनिर्वाचित नगरप्रमुख कन्थमणिप्रसाद कलवारको अध्यक्षतामा बसेको नगरपालिकाको पहिलो बैठकले गरुडा नगरपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो ।

गरुडा नपा-४ अन्तर्गत पशु बजारमा माटो परीक्षण भएको जग्गामा नगर कार्यपालिकाको प्रशासकीय भवन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय भएको हो ।

भाडामा चल्दै आएको गरुडा नपाको प्रशासकीय तथा शिक्षा र अन्य कार्यालयमा निकै धेरै खर्च हुँदै आएको छ । प्रशासकीय भवनको माग धेरै समयदेखि हुँदै आएको भए पनि विवादका कारण निर्माण काम अगाडि बढ्न सकेको थिएन ।

नगर कार्यपालिकाको भवन निर्माणको लागि पशु बजार छेउमा रहेको जमीनमा धेरै वर्ष पहिले माटो परीक्षण पनि भइसकेको थियो तर केही मानिसले विवाद ल्याएको कारण भवन निर्माण कार्य अगाडि बढ्न सकेको थिएन ।

गरुडा नगरपालिकाका नवनिर्वाचित कार्यपालिकाको पहिलो बैठकले गरुडा नपा-४ मा प्रशासकीय भवन निर्माण गर्ने निर्णय गरेपछि गरुडावासीमा खुशीको सञ्चार भएको छ ।

गरुडाभन्दा पछि गठन भएर कार्यान्यवनमा आएका नगरपालिकाको कार्यालय भवन बनिसकेको तर गरुडा नपाको कार्यालय भवन नहुँदा स्थानीयवासीको मनमा एक किसिमको पीडा हुने गरेको थियो ।

यसैगरी नगर कार्यपालिकाले एम्बुलेन्स खरीद प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

गरुडा नगरपालिकामा भरपर्दो एम्बुलेन्स सेवाको व्यवस्था नभएकोले गर्भवती महिला तथा बिरामीहरूलाई अस्पताल पुऱ्याउन एम्बुलेन्स खरीद गर्ने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले नगरका करार कर्मचारीको सेवा अवधि आगामी साउन १ देखि थप नगर्ने निर्णय पनि गरेको छ ।

## सवारी दुर्घटनामा एकजनाको मृत्यु

प्रस, रक्सौल, २६ जेठ/

भारत, बिहार रक्सौलस्थित नेशनल हाइवे-२८ मा बुधवार राति सडक दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ।

रक्सौल, गम्हरियास्थित सडकमा रहेको डाइभर्सनमा ना २५ प १३३७ नं. को मोटरसाइकल ठोकिंदा दुर्घटना भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

मृत्यु हुनेमा वीरगंज-२४ रानीघाट निवासी पन्नालाल पटेल रहेको रक्सौल थानाध्यक्ष शशीभूषण ठाकुरले जानकारी गराए ।

भारत, बिहार रामगढवा जन्ती जाने क्रममा दुर्घटना भएको मृतकका आफन्तजनले बताए । शवलाई बिहीवार पोस्टमार्टमका लागि मोतिहारी पठाएको र आज आफन्तको जिम्मा लगाएको थानाध्यक्ष ठाकुरले बताए ।

## विचारसार र सूक्तिहरू

**अहङ्कारी व्यक्ति आफूलाई पूर्ण ठान्दछ । अहङ्कारको ठूलो दोष यही हो । यसले व्यक्तिको जीवनमा उच्च लक्ष्य हासिल गर्ने बाटोमा तगारो लगाइदिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# शैक्षिक शुल्कको नाममा अनियमितता

**शिक्षाको लागि मुलुकमा मुख्यतः दुई किसिमको भाषिक माध्यम छ, नेपाली भाषा र अङ्ग्रेजी भाषा । औपचारिक शिक्षाका लागि सरकारी तथा सामुदायिक विद्यालयहरूले नेपाली भाषाबाट अध्यायन/अध्यापन गराइरहेका छन् भने निजी विद्यालयहरूले अङ्ग्रेजी भाषामा अध्यायन/अध्यापन गराइरहेका छन् । पाठ्यक्रमको उद्देश्य र मर्म एकै भए पनि त्यसको भाषा र प्रस्तुति भने निजी र सामुदायिकमा फरक छ । हुनत हाम्रो मुलुकमा आधारभूत शिक्षा मातृभाषामा दिनुपर्ने संवैधानिक व्यवस्था छ । तर त्यो केवल संविधानको किताबमा मात्र सीमित छ । पौराणिककालदेखि चल्दै आएको संस्कृत भाषाको पठन/पाठन लोप हुने अवस्थमा पुगिसक्यो । त्यसैगरी इस्लाम धर्मालम्बीहरूको मदर्सा शिक्षा उक्त समुदायका गरीब, असहाय र भविष्यमा मौलवी, मौलाना वा धर्मगुरु बन्न चाहने वालबालिकाकाको लागि मात्रै हो भन्ने बुझाइ छ । यसले पनि मातृभाषा जागरण कार्यक्रम कमजोर रहेको पुष्टि हुन्छ । फलस्वारूप अङ्ग्रेजी भाषाको प्रचार र प्रयोगमा वृद्धि भएको छ । अर्कोतर्फ रेमिटयान्सले धानेको हाम्रोजस्तो मुलुकमा विदेशी मुद्रा आर्जनका लागि पनि अङ्ग्रेजी नै चाहिन्छ भन्ने मानसिकता छ ।**

**अङ्ग्रेजी भाषाप्रति लगाव तथा सिको गर्नाको कारण आज विद्यार्थी र अभिभावक ठगिने क्रममा छन् । एक रुपियाँ शुल्क नलाग्ने सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यमबाट पढाइको बहानामा महीनावारी टिउशन शुल्क असुलिरहेको छ । कतिपय सामुदायिक विद्यालयले भौतिक पूर्वाधार, स्वास्थ्य, बिजुली, कम्प्युटर तथा अतिरिक्त क्रियाकलाप एवं अनुदान सहयोगलगायतको बहानामा शुल्क असुल्ने गरेका छन् । सामुदायिक विद्यालयहरूले अङ्ग्रेजी माध्यम (निजी) विद्यालयको सिको गर्दै यसरी रकम असुल्न थालेका छन् । निजी विद्यालयहरूले 'डोनेशन' शीर्षकमा शुरू गरेको शुल्कको सिको गर्दै हाल सामुदायिक विद्यालयहरूले 'अनुदान' शीर्षकमा रकम असुल्न थाले । रौतहटको गौरस्थित एउटा विद्यालयले अनुदान शीर्षकमा विद्यार्थीबाट रकम असुली गरेको प्रमाण त्यहाँका नगरप्रमुख शम्भु साह समक्ष पुऱ्याएपछि नगरप्रमुख साहले दोषी उपर कारबाई गर्ने प्रतिबद्धता जनाएका छन् । नयाँ–नयाँ शैलीमा शुल्क असुल गर्ने प्रणाली निजी विद्यालयहरूले शुरूहात गर्छन् अनि त्यसैको सिको सामुदायिक विद्यालयले गर्न थाल्छन् । अङ्ग्रेजी माध्यमको नाममा शुल्क उठाउने सामुदायिक विद्यालयहरू वीरगंज, कलैयालगायत शहरमा प्रशस्तै पाइन्छन् ।**

**निजी विद्यालयले लिने 'डोनेशन' शीर्षक केका लागि ? उसको जवाफ आउँछ असहाय, गरीब विद्यार्थीको शिक्षाका लागि । विद्यार्थीले मासिक शुल्क तिरिसकेपछि सरकारले तोकेको प्रतिशतमा गरीब, असहाय विद्यार्थीको शिक्षाको जिम्मेवारी विद्यालयले लिने कि विद्यार्थीले ? निर्देशिका, ऐन, नियमावलीले के भन्छ ? यसबारे न स्थानीय सरकारले सोध्छ, न सङ्घ सरकारले नै । विद्यार्थी अभिभावकले सोध्यो भने कोटा फुल भइसकेको छ, एडमिशन सम्भव छैन भनिदिन्छ । कम्प्युटर शीर्षकमा शुल्क लिने विद्यालय धेरै छन् । मासिक शुल्क लिएपछि कम्प्युटर शुल्क किन ? कम्प्युटर विद्यालयको पाठ्यक्रमभित्र पर्दैन र ? यस्ता धेरै शुल्क छन् जो निजी विद्यालयबाट पनि हटाउनुपर्छ, सामुदायिक विद्यालयको त के कुरा ! शैक्षिक शुल्कको नाममा यस्ता अनियमित्ता नियतवश भइरहेको छ । अविलम्ब कारबाई हुनुपर्छ । जसका लागि पालिका सरकार तदारुक बन्नुपर्छ ।**

# नेपाली किसानका अन्तहीन चुनौती

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**वास्तविक किसानलाई कर्जा हात पार्न भगिरथ प्रयत्न गर्नुपर्छ । भनसुन र लेनदेनविना ऋण पाउन कठिन भइसकेको छ । ऋण काढ्न पनि घूस दिनुपर्ने अवस्थाबाट गुज्रिरहेका किसानको हृदयविदारक अवस्थातिर हाम्रो ध्यान जानु आवश्यक छ ।**

हाम्रो देशमा कृषि क्षेत्रलाई कहिल्यै आर्थिक विकासको केन्द्रमा राख्ने काम भएन । जबकि यो नै हाम्रो देशको आर्थिक विकासको प्रमुख आधार बन्न सक्दछ । केही दशक अघिसम्म धानलगायत कृषि उत्पादनको निर्यात गर्ने देश नेपाल आज अधिकांश खाद्यान्न सामग्री आयात गरिरहेको छ । कृषि क्षेत्रको विकास भएमा मात्रै देशको अर्थतन्त्र सबल हुन सक्दछ । जनतालाई चाहिने खाद्यान्नको आपूर्तिका साथै कतिपय उद्योग –धन्दालाई चाहिने कच्चा पदार्थको आपूर्ति पनि कृषि उत्पादनले नै सम्भव छ । तसर्थ पनि नेपाल सरकारले यस दिशामा ध्यान दिनु आवश्यक छ ।

विश्वव्यापीकरण र उदारवादको आर्थिक नीतिले गर्दा आर्थिक सम्पन्नता अवश्य दिएको छ तर यो समृद्धि केही खास क्षेत्रमा मात्रै सीमित हुन पुगेको छ । यसले गर्दा ग्रामीण क्षेत्र र शहरबीचको फाटो निकै फराकिलो हुँदै गएको छ । अहिले पनि देशको अधिकांश जनसङ्ख्या आफ्नो जीवनयापनको निम्ति सङ्घर्ष गरिरहेको छ । नेपालमा किसानको समस्यालाई लिएर आजसम्म कुनै राजनीतिक दलले कुनै प्रभावकारी आन्दोलन गरेको इतिहास छैन । साङ्केतिक तथा शृङ्गारिक आन्दोलनले तत्कालको निम्ति समस्या चर्चामा ल्याए पनि त्यो निर्णायक साबित भएको छैन । कहिले अनिकाल, कहिले बाढी, कहिले असिनापात त कहिले मलबीउको अभावले पनि किसानहरूको परिश्रम र लगानीमाथि बज्रपात गर्दै आएको छ ।

देशका किसानहरू सामु धेरै समस्या छन् । सिंचाइको अभाव, समयमा बीउ, खाद एवं कीटनाशक औषधिको अभाव, कृषि उपकरणमाथि अत्यधिक भन्सार शुल्क आदिका कारण पनि नेपाली किसानहरूले चाहेर पनि अपेक्षित कृषि उत्पादन गर्न सकिरहेका छैनन् । उपरोक्त समस्याहरूसित मुकाबिला गरेर पनि नेपाली किसानहरूले उत्पादन गरेका खाद्यान्न बजारसम्म पुऱ्याउन सक्ने प्रणालीको अभाव देखिन्छ । स्थानीय स्तरमा शीतगृह एवं भण्डारकेन्द्र (स्टोर सेन्टर) को अभाव, किसानले आफ्नो उत्पादनको मूल्य आफैंले निर्धारण गर्न नसक्नु, बाली बीमा नहुनु, किसानको नाममा विनियोजित रकम अथवा सुविधा कृषि कर्मचारी, बिचौलियाको मिलेमतोमा सखाप हुनुलगायत अनेकौं समस्या छन् । नेपालको जिडिपीमा कृषि क्षेत्रको भूमिका अग्रणी नरहेसम्म देशको उद्योगधन्दा पनि फस्टाउन सक्दैन, न बेरोजगारी नै कम गर्न सकिन्छ । देशको युवा जनशक्ति बर्सेनि लाखौंको सङ्ख्यामा भारत तथा खाडी देश गइरहेको छ । कृषिलाई रोजगारसित जोड्ने दिशामा काम हुनुपर्छ ।

नेपाली किसानहरूले विगत लामो समयदेखि भोग्दै आएका मल समस्याको समाधानमा केही आशाजनक प्रगति भएको छ । भारतसँग जिटुजी (सरकारदेखि सरकार) प्रणालीबाट नेपालले मल खरीद गर्ने सम्झौता गरेको छ । पाँच वर्षका लागि भएको सम्झौता अनुसार पहिलो वर्ष एक लाख ५० हजार मेट्रिक टन मल दिने सम्झौतामा उल्लेख छ । यस महीनाभित्र ५० हजार मेट्रिक टन युरिया मल नेपाल आइपुग्ने सम्भावना छ । भारतले कोलकाताबाट वीरगंज सुक्खा बन्दरगाहसम्म ल्याई आपूर्ति गर्नेछ । हुनत भारतमा पनि मलको पर्याप्त भण्डार छैन र टेन्डर गरिएको मल आइपुगेको छैन । तर उपलब्ध मलमध्येबाट नै नेपाललाई आपूर्ति गर्ने काम भइरहेको छ । नेपालको कृषि तथा पशुपक्षीमन्त्री तथा भारतका रसायन एवं उर्वरकमन्त्री मन्सुख मण्डावियाबीच भएको दुई पक्षीय वार्तामा मल आपूर्तिको विषयले नै बढी महत्त्व पाएको देखियो । मण्डावियाले नेपालमा खपत हुने सम्पूर्ण मल भारतले नै दिने प्रतिबद्धतासमेत जनाएका छन् । नेपालमा लगभग पाँच लाख मेट्रिक टन मल खपत हुन्छ । भारतले आफूले उत्पादन गर्नुका साथै बाहिरबाट पनि आयात गर्ने गरेको छ । यदि नेपालले आफ्नो आवश्यकताको सबै मल भारतसित नै खरीद गर्ने निर्णय गऱ्यो भने भारतले नै टेन्डर गरेर मलको व्यवस्था गरिदिने प्रतिबद्धता जनाएको छ ।

साथै नेपालमा नानो युरिया मलको कारखाना खोल्नका लागि भारत तयार रहेको पनि सङ्केत मण्डाबियाले गरेका छन् । नेपालका कृषिमन्त्री महेन्द्रराय यादवसित भएको भेटवार्तामा उनले नेपालले यसको लागि प्रक्रिया शुरू गरोस्, कारखाना खोल्नका लागि भारतले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् साथै उनले भारत भ्रमणमा रहेका नेपालका मन्त्री यादवलाई नानो युरिया मल कारखाना अवलोकन गर्न पनि आग्रह गरे । गएको हिउँद मौसममा मलखादको व्यापक अभाव देखिएको थियो । उत्तरी छिमेकी चीनसित मलखाद खरीद गर्ने स्म्झौता भएको थियो तर नगदेबाली लगाउने बेला चीनले मलको आपूर्तिमा अचानक रोक लगाइदिएपछि नेपाली किसान सामु गम्भीर समस्या उत्पन्न भएको थियो र यसको नकारात्मक असर यस वर्षको उत्पादनमा पनि देखिएको छ । बाध्य भएर सरकारले भारतसित मलखाद खरीद गर्ने सम्झौता गर्नुपरेको थियो । भारतले तत्काल केही मलखाद उपलब्ध पनि गराएको थियो । यदि नेपालमैं मलखाद कारखाना स्थापित हुने हो भने यसबाट नेपाली किसानलाई धेरै राहत मिल्नेछ ।

नेपालमा बर्सेनि ५ लाखदेखि ७ लाख टन मलको माग हुने गर्छ । तर मलको आन्तरिक उत्पादन नभएका कारण बर्सेनि खेती लगाउने सिजनमैं यसको अभाव हुने गर्छ । ग्लोबल टेन्डरबाट मल खरीद गर्दा लाग्ने समय र टेन्डर प्रक्रियासमेत विवादमा पर्न थालेपछि कृषि मन्त्रालयले गत वर्षदेखि नै सीधा भारत सरकारबाट मलखाद खरीद गर्ने प्रयत्न गर्दै आएको थियो । भारत आफैं मलमा आत्मनिर्भर भइसकेको छैन तर उसले बाहिरबाट खरीद गर्ने मूल्यमैं नेपाललाई मल उपलब्ध गराउने सहमति जनाएको थियो । नेपालमा हुने कुल खपतको कम्तीमा तीस प्रतिशत हिस्सा भारत सरकारबाट आपूर्ति गर्ने लक्ष्य कृषि मन्त्रालयले राखेको छ । नेपालमा छिटो मल आपूर्ति गर्न आफ्नो मौज्दातबाटै मल पठाउन भारतीय पक्ष सहमत भएको छ । नेपाली पक्षले जूनमा एक लाख र जुलाईमा पचास हजार गरी असार मसान्तभित्र सम्झौता अनुसार डेढ लाख मेट्रिक टन युरिया मल आपूर्तिका लागि आग्रह गरेको छ ।

सरकारको जग्गासम्बन्धी नीतिका कारण पनि कृषि उत्पादनमाथि नकारात्मक असर परेको छ । नेपालजस्तो भौगोलिक विकटताले भरिएको देशमा कृषियोग्य जग्गाको मात्रा साऱ्है कम छ तर यहाँका राजनीतिक दलदेखि सरकारसमेत कमोबेस जोताहा किसानको पक्षधर साबित हुन पटक–पटक जग्गामा हदबन्दी लागू गर्ने काम गरेका छन् । मोही प्रथाको कुनै औचित्य छैन । ५७ वर्ष पहिलेको अवस्थासित अहिलेको अवस्थाको तुलना गर्नु दुर्भाग्यपूर्ण हो । अधिकांश मोही अब जग्गाधनी भइसकेका छन्, जबकि पहिलेका जग्गाधनी अहिले सुकुम्बासी बन्न पुगेका छन् । तर नेपालका राजनीतिक दलहरू बिरालो बाँधेर श्राद्ध गर्ने मानसिकताबाट बाहिर आउन सक्दैनन् । किसानको समस्यालाई लिएर निरन्तर आवाज उठाउँदै आएका वरिष्ठ सांसद एवं जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले जग्गामा चक्लाबन्दीको आवश्यकतासहित वैज्ञानिक खेतीमाथि ध्यान केन्द्रित गर्न सुझाव दिएका छन् । साथै मुख्य बालीको रूपमा रहेको धान, गहुँ, उखु, स्याउ, केरा, सुन्तला, अदुवा, अलैंची र दुग्धलगायत उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गर्न एउटा आयोग गठन गर्न सरकारसँग माग गरेका छन् । देशमा विराटनगर जुटमिल, जनकपुर चुरोट कारखाना, वीरगंज चिनी कारखाना तथा रौतहटको श्रीराम सुगर मिलको सञ्चालन आवश्यक देखिन्छ । नेपाललाई कमसेकम चिनीमा आत्मनिर्भर बनाउन बन्द भएका चिनी मिलहरूलाई बेलआउट प्याकेज दिएर पनि सञ्चालनमा ल्याइनुपर्छ । विराटगरमा जुट मिल फ्याक्ट्री सञ्चालनमा रहेका बेला विराटनगर देशको सबैभन्दा ठूलो औद्योगिक नगर थियो । त्यहाँबाट निर्मित लुगाकपडा नेपाल मात्र होइन, भारतमा पनि निर्यात हुने गर्दथ्यो ।

उत्पादन अभिवृद्धि, रोजगार सिर्जना र उद्यमशीलता विकासका लागि नेपाल सरकारले ल्याएका सहुलियतपूर्ण कर्जा कार्यक्रममार्फत प्रवाह भएको कृषि ऋण, घरजग्गा खरीद, गाडी, मोटरसाइकल किन्नेजस्ता अनुत्पादक क्षेत्रमा लगानी भएको राष्ट्र बैंकको एक अध्ययन प्रतिवेदनले जनाएको छ । बैंक तथा वित्तीय संस्थालाई जवाफदेह बनाउन नसक्दा उक्त कर्जा कार्यविधिविपरीत लगानी भएको र अपेक्षितरूपमा लक्षित समूहमा पुग्न नसकेको पनि प्रतिवेदनले औंल्याएको छ । प्रतिवेदनले अधिकांश महिला उद्यमी कर्जा उत्पादनभन्दा व्यापारमा प्रवाह भएको र कार्यविधिमा भएका व्यवस्थाको पूर्ण पालना नभएको देखिएको छ ।

प्रतिवेदनले ब्याज अनुसारको सहुलियत कर्जा लिएकामध्ये थोरथोरै ऋणी मात्र लक्षित समूहको भएको, पुराना ऋणलाई नै सहुलियतपूर्ण कर्जामा रूपान्तरण गरिएको, अन्य बैंकबाट कर्जा स्वाप गरी उक्त कर्जालाई सहुलियतपूर्ण कर्जामा समावेश गरी सहुलियत प्रदान गरेको, पुराना एवं स्थापित व्यवसायलाई सहुलियतपूर्ण कर्जा दिने गरेकोलगायत कैफियत पनि प्रतिवेदनले दिएको छ । वास्तविक किसानलाई कर्जा हात पार्न भगिरथ प्रयत्न गर्नुपर्छ । भनसुन र लेनदेनविना ऋण पाउन कठिन भइसकेको छ । ऋण काढ्न पनि घूस दिनुपर्ने अवस्थाबाट गुज्रिरहेका किसानको हृदयविदारक अवस्थातिर हाम्रो ध्यान जानु आवश्यक छ । किसानको नाममा आएका अवसरहरू नक्कली किसान खडा गरी पटक–पटक उही अनुहारलाई लाभान्वित पार्ने काम भइरहेको छ । नेपाली किसानका अनगिनत समस्याहरूको समाधानका लागि देशमा वैज्ञानिक कृषि नीति लागू गर्नुको विकल्प छैन ।

# प्राधिकरणले बिहीवार २८४ मेगावाट बिजुली भारत निर्यात गर्दै

– रमेश लम्साल

काठमाडौं, २६ जेठ/रासस

आन्तरिकरूपमा खपत गरेर बढी भएको बिजुली भारत निर्यात हुने क्रम बढ्दै गएको छ । मागभन्दा बढी उत्पादन भएको तथा खपतसमेत हुन नसकेको सन्दर्भमा खेर जाने बिजुली सहजरूपमा बिक्री भइरहेको छ । त्यसले नेपालको बढ्दो व्यापार घाटालाई कम गर्न ऊर्जा क्षेत्र सहायक सिद्ध हुने देखिएको छ ।

नेपाल विद्युत् प्राधिकरणले आजमात्रै मर्स्याङ्दी र मध्यमर्स्याङ्दीको बिजुली पनि निर्यात हुने जनाएको छ । भारतमा यति बेला ऊर्जाको अत्यधिक माग छ । सो माग पूर्तिका लागि सामान्यरूपमा नै भए पनि प्राधिकरणले बिजुली निर्यात गरेको हो । त्यसको मात्रामा क्रमशः वृद्धि भएको छ ।




प्राधिकरणले आज छ हजार ८३१.६ मेगावाट घण्टा बिजुली ऊर्जा निर्यात गर्ने भएको छ । भारतमा, शेयरबजारजस्तै हरेक १५ मिनेटमा बिजुलीको मूल्य फेरबदल हुने गर्दछ । त्यस आधारमा विभिन्न ९६ ब्लक निर्धारण गरिन्छ । यस आधारमा प्राधिकरणले निर्यात गरेको बिजुलीको मूल्य प्रतियुनिट १९ रुपियाँ २० पैसा बराबर पाइने भएको छ ।

भारतको ऊर्जा नियामक निकायले अधिकतम भारु १२ सम्म मात्रै बिजुलीको बिक्री वितरण गर्न पाउने व्यवस्था गरेको छ । प्राधिकरणले औसतमा भारु ६.९९ प्राप्त गरेको छ । मनसुनको समयमा भारतमा अत्यधिक गर्मी हुने र बिजुलीको माग अत्यधिक हुने भएकोले बिजुली उपलब्ध भएको अवस्थामा आवश्यकताका आधारमा निर्यात हुन सक्ने अवस्था छ । त्यस आधारमा प्राधिकरणले कुल सात करोड युनिट बराबर बिजुली निर्यात गर्ने

(बाँकी पाँचौ पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## समृद्धिको यात्रामा औद्योगिक क्षेत्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो

shitalmahato@gmail.com

**नेपालको समग्र औद्योगिक विकासका लागि सरकारले सुमधुर औद्योगिक सम्बन्ध, सहज र सस्तो ऊर्जा आपूर्ति, औद्योगिक पूर्वाधार तथा संस्थागत र नीतिगत सुधार गरी लगानी मैत्री वातावरण सिर्जना गर्नुपर्ने अहिले आवश्यक देखिएको छ ।**

सरकारी लक्ष्य र योजना अनुसार काम हुन सके आगामी पाँच वर्षभित्र नेपालमा ३५१ भन्दा बढी औद्योगिक ग्राम, १५ औद्योगिक क्षेत्र र पाँच विशेष आर्थिक क्षेत्र स्थापना भई सञ्चालनमा आउने छ। यी औद्योगिक पूर्वाधार र त्यहाँ स्थापना हुने उद्योगले समग्र औद्योगिक क्षेत्रको रोजगार दोब्बर बढाउने छ । त्यति मात्र होइन, कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा उद्योग क्षेत्रको योगदान १ बिन्दु प्रतिशतभन्दा बढीले वृद्धि हुनेछ । हाल नेपालमा १० वटा औद्योगिक क्षेत्र र एउटा विशेष आर्थिक क्षेत्र (सेज) सञ्चालनमा छ । औद्योगिक ग्राम भने एउटा पनि सञ्चालनमा आइसकेको छैन । सातै प्रदेशमा कम्तीमा एक–एकवटा ठूला औद्योगिक क्षेत्र स्थापनाका लागि सरकारले प्रक्रिया अघि बढाइसकेको छ। अधिकांशको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत स्वीकृत भइसकेको छ। त्यस्तै अहिले दुईवटा विशेष आर्थिक क्षेत्र (सेज) निर्माणाधीन अवस्थामा छ । चारवटा सेजको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ भने ११ वटा सम्भाव्यता अध्ययनका चरणमा छन्। सरकारले सम्भाव्यताका आधारमा सबै स्थानीय तहमा एउटा–एउटा औद्योगिक ग्राम स्थापना गर्ने घोषणा गरिसकेको छ। त्यसमध्ये एक सय पाँचवटा स्थानीय तहमा औद्योगिक ग्राम निर्माण प्रक्रिया शुरू भएका छ।

यस्ता पूर्वाधारले उद्योग वाणिज्य क्षेत्रको लागत घटाउने र समग्र उत्पादकत्व बढाउने निश्चित छ। १५औं पञ्चवर्षीय योजना (२०७६–०७७–२०८०–०८१)ले आवधिक योजनाको अन्तिम वर्षसम्म ३५१ भन्दा बढी औद्योगिक ग्राम, १५ औद्योगिक क्षेत्र र पाँचवटा विशेष आर्थिक क्षेत्र स्थापना भई सञ्चालनमा आउने लक्ष्य राखेको छ। तर आवधिक योजनाकै बीचमा कोभिड महामारी भएका कारण तोकिएको समयभन्दा केही ढिला गरी लक्ष्य हासिल हुन सक्ने देखिन्छ। यस्ता औद्योगिक पूर्वाधारले मुलुकको उत्पादन, निर्यात र रोजगार बढाउने छ । आवधिक योजनाले 'उद्यमशील संस्कृति, उद्यमी जनता' सोच बनाएको छ। सीपको विकास, प्रविधिको उपयोग र स्रोतको परिचालन गरी उद्यमशीलता विकास गर्ने, तालीमप्राप्त जनसङ्ख्याको हिस्सा ५० प्रतिशत पु्र्‍याउने, वार्षिक १५ हजार उद्योग स्थापना हुने र वार्षिक ६० हजार थप रोजगार सिर्जना गर्ने तथा प्रत्येक प्रदेशमा एक–एकवटा व्यवसाय विकास केन्द्र स्थापना गर्ने लक्ष्य राखिएको छ। आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक क्षेत्र विकास गर्ने सोच पञ्चवर्षीय योजनाको छ । राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान बढाउने लक्ष्य पनि लिइएको छ ।

कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको हिस्सा आधार वर्षमा ५.६ प्रतिशत रहेकोमा २०८०–०८१ मा ६.५ प्रतिशत पु्र्‍याउने लक्ष्य लिइएको आवधिक योजनामा उल्लेख छ। त्यस्तै औद्योगिक क्षेत्रको रोजगारमा ठूला उद्योगको हिस्सा हाल ३ प्रतिशत रहेकोमा ६ प्रतिशत पु्र्‍याइने, लघु, घरेलु तथा साना उद्योगबाट थप रोजगार सिर्जना गरेर १,९४००० बाट तीन लाख पु्र्‍याइने उल्लेख छ। यसैगरी आगामी पाँच वर्षमा कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान नौ खर्बभन्दा बढी पुग्ने अपेक्षा गरिएको छ। आवधिक योजनामा उद्योग क्षेत्रमा औसत १४.६ प्रतिशत वृद्धि हासिल हुने लक्ष्य राखिएको छ । जिडिपीमा उद्योगको योगदान आधार वर्ष २०७५–०७६ मा चार खर्ब ६५ अर्ब ५८ करोड रहेकोमा आव २०८०–०८१ मा पुग्दा नौ खर्ब नौ अर्ब ४५ करोड पुग्ने लक्ष्य राखिएको छ । थप दुई वर्षमा प्रतिवर्ष सरदर १४.६ प्रतिशतको वृद्धि हासिल हुँदा आगामी पाँच वर्षमा जिडिपीमा उद्योग क्षेत्रको योगदान ११ खर्ब ९४ अर्ब ३६ करोड बराबर पुग्ने अनुमान गर्न सकिन्छ । उद्योग–व्यवसाय क्षेत्रमा देखिएका अल्पकालीन र दीर्घकालीन समस्या योजनाबद्धरूपमा क्रमशः सुधार गर्दै लैजाने हो भने अबको पाँच वर्षमा उद्योग क्षेत्रले ठूलो फड्को मार्ने देखिन्छ।

आवधिक योजनाले निजी क्षेत्रल ाई आर्थिक समृद्धिको संवाहक मानेको छ। निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व अभिवृद्धि गरी तीव्र आर्थिक वृद्धि र रोजगार सिर्जना गर्ने लक्ष्य लिएको छ । उद्योगमा निजी क्षेत्रको लगानी १७ खर्ब ५४ अर्ब ७६ करोड पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै वार्षिक तीन लाख ५० हजार थप रोजगार सिर्जना हुनेसमेत अपेक्षा गरिएको छ । अबको पाँच वर्षमा नेपालमा सवारीसाधन एसेम्बल उद्योग स्थापना तथा सञ्चालनको लहर नै चल्ने सम्भावना देखिएको छ । अहिले नेपालमा बजाज र टिभिएसले दुईपाङ्ग्रे र तीनपाङ्ग्रे सवारीसाधन एसेम्बल गरिरहेका छन्। त्यस्तै यामाहा, हिरो, होन्डा, मारूती, सुजुकीलगायत ब्रान्डले दुईपाङ्ग्रे र तीनपाङ्ग्रे सवारीसाधन एसेम्बल गर्ने प्रक्रिया अघि बढाइसकेका छन्। त्यस्तै विद्युतीय तथा डिजेल/पेट्रोलबाट चल्ने चारपाङ्ग्रे सवारीसाधनको एसेम्बल उद्योग स्थापनाका लागि दुई दर्जनभन्दा बढी कम्पनी दर्ता भइसकेका छन् । त्यस्तै आगामी पाँच वर्षमा नेपालको खानीमूलक उद्योगमा लगानी दोब्बरभन्दा बढीले वृद्धि हुने देखिन्छ । खासगरी सिमेन्ट तथा क्लिंकर, फलाम, म्याग्नेसाइट, सिसा, पेट्रोलियमलगायत खानी क्षेत्रमा लगानी बढ्ने देखिन्छ । करीब १५ अर्ब रुपियाँ लगानीको ठूलो ह्वासिन सिमेन्ट उद्योग सञ्चालन हुने तयारीमा छ । त्यस्तै आवधिक योजनाले वैदेशिक लगानी परिचालनमार्फत प्रतिस्पर्धी एवं गतिशील राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने सोच राखेको छ । वैदेशिक लगानी आकर्षित र अभिवृद्धि गरी उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने लक्ष्य छ । त्यस बेलासम्म दुई खर्ब ६० अर्ब वैदेशिक लगानी आउने अपेक्षा गरिएको छ। हालै डाबर नेपालले उद्योगको क्षमता विस्तारका लागि नौ अर्ब रुपियाँ लगानी गर्न स्वीकृति लिएको छ। उसले उत्पादन विविधीकरण र विस्तारका लागि लगानी थप्ने भएको हो। अर्को बहुराष्ट्रिय कम्पनी युनिलिभरले पनि थप लगानी गर्ने घोषणा गरिसकेको छ । सूर्य नेपालले उद्योगका अलावा होटेलमा समेत लगानी गर्ने घोषणा गरेको छ ।

वास्तवमा मुलुकको विकास र समृद्धि हासिल गर्न सरकारले चारवटा काम गर्नु आवश्यक छ। (१) औद्योगिक नीतिले केही प्रमुख क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नुपर्छ, (२) व्यापार सिन्डिकेट भत्काउनुपर्छ, (३) उत्पादकत्व बढाउन विदेशी लगानी प्रोत्साहित गर्नुपर्छ, (४) विकासमा निजी क्षेत्रको भूमिकाबारे मानसिकता बदल्नुपर्छ र यसको शुरूआत राजनीतिकर्मीहरूबाटै हुनुपर्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार, नेपालमा पन्ध्र वर्षदेखि उनन्तीस वर्षसम्मका चार लाख मानिस हरेक वर्ष श्रम बजारमा प्रवेश गर्छन्। तर निर्माण र उद्योग क्षेत्रमा जम्मा २ लाख ५० हजारको लागि रोजगार उपलब्ध छ। प्रत्येक वर्ष निर्माण क्षेत्रमा कामको मात्राभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्छन्, राम्रो रोजगार नपाएपछि उनीहरू कि अनौपचारिक क्षेत्रमा काम गर्न थाल्छन् कि वैदेशिक रोजगारमा जान्छन्। हाम्रो देशमा प्रविधि कम प्रयोग हुने उद्योगको व्यापकता छ। जस्तै खाद्य उद्योग र कपडा उद्योग। पछिल्लो तथ्याङ्क अनुसार ९५ प्रतिशत रोजगार यस्तै कम प्रविधि भएका क्षेत्रमा सिर्जना भएका छन्। हामीले कम तथा मध्यम प्रविधियुक्त यस्ता क्षेत्र विस्तार गर्न सक्यौं भने कम सीप भएका धेरै कामदारलाई रोजगार दिन सक्नेछौं। तर हाम्रो उद्योग/निर्माण क्षेत्रले पर्याप्त रोजगार सिर्जना गर्न सकेको छैन ।

हुनत निजी क्षेत्रको विकास नहुनुको प्रमुख कारक व्यापारिक गतिशीलताको कमी, प्रतिस्पर्धाको अभाव तथा कार्टेल र सिन्डिकेट रहेका छन्। यसले नेपालको उत्पादकत्व र प्रतिस्पर्धात्मक वातावरणमा व्यवधान पु्र्‍याएको छ । सर्वसाधारण नेपालीलाई यस्तो व्यापारिक सिन्डिकेटबाट कुनै फाइदा हुँदैन, न देशलाई नै हुन्छ । हामीले यसलाई हटाउनैपर्छ । त्यसैले नेपालको समग्र औद्योगिक विकासका लागि सरकारले सुमधुर औद्योगिक सम्बन्ध, सहज र सस्तो ऊर्जा आपूर्ति, औद्योगिक पूर्वाधार तथा संस्थागत र नीतिगत सुधार गरी लगानी मैत्री वातावरण सिर्जना गर्नुपर्ने अहिले आवश्यक देखिएको छ । यसका साथै मुलुकमा उद्योग स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्ने नीति सरकारको हुनुपर्दछ। औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्ने सङ्घीय सरकारको प्रमुख कार्यभार हुन सकेमात्र देशको औद्योगिक क्षेत्र फस्टाउने छ ।



**कम्पोष्ट मल बनाउन पतिङगर सङ्कलन गर्दै** : कपिलवस्तुको मनकामना सामुदायिक वनमा कम्पोष्ट मल बनाउनको लागि पात पतिङ्गर सङ्कलन गर्दै बनका कर्मचारीहरू । तस्वीरः रासस

## लगातार वर्षा : तरकारी किसानलाई चिन्ता

– गोपालप्रसाद बराल

महोत्तरी, २६ जेठ/रासस

नयाँ वर्ष शुरू भएदेखि नै लगातार भइरहेको वर्षाले महोत्तरीका तरकारी किसानको चिन्ता बढाएको छ। साता दश दिन तथा दिन बिराएर पर्दै आएको पानीले नियमित गोडमेल र उपचार नपाउँदा तरकारी बाली पहेंलिंदै गएपछि किसानको चिन्ता बढेको हो ।



तस्वीरः फाइल

गत वैशाखमा कैयौं पटक हावाहुरीसहित आएको वर्षाले लहरे तरकारीको लहरा लतारेर सोतर बनाएकोसमेत किसानको गुनासो छ । वर्षाको पानीले चुटेर फूल, चिचिला र फलसमेत चाउरिएर झर्न थालेपछि अपेक्षित तरकारी उत्पादन लिन नसकिने चिन्ताले यहाँका किसान पिरोलिएका छन्।

खासगरी चाहेको बेला सिंचाइ गर्न सकिने, पानी नजम्ने रूखो जग्गामा लगाइने तरकारी बाली लगातार पानी परिरहेपछि गोडमेल र औषधोपचार नपाउँदा पहेंलिएको किसानको भनाइ छ। "लगातार पानी परिरहेको छ, गोड्नसमेत पाइएको छैन"–तरकारी उत्पादक किसान भङ्गाहा नगरपालिका–४ का सत्यनारायण यादव भन्छन्–"गोडमेल नपाएपछि बारीभरि झार बढेर कीराको प्रकोप बढ्दा बालीबाटै हात धुनुपर्ने स्थिति आउने भइसक्यो ।"

वैशाख/जेठमा उत्पादन लिइने तरकारी पानीले गलाएर चाँडै लहरा मरेको र बारीमा अहिले चिस्यान बढी हुँदा खनजोत गर्न नसकेर भदौरे तरकारी लगाउन नपाइएको किसानहरू बताउँछन्। जेठभित्रै रोपिसक्नुपर्ने भदौरे तरकारी रोप्न ढिलो भइसकेकोले किसानमा चिन्ता बढिरहेको बताउँदै आएका छन्। "बारीमा पसिसक्नुछैन अहिले, पानीले माटो गालेको छ"–यादव भन्छन्–"जेठ सकिनै लाग्यो, खै यसपाली भदौरे तरकारी रोप्न पाइने छाँट छैन ।"

लगातारको वर्षाले करेला, फर्सी, घिरौंला, झिमनी, लौका, बोडी, चिचिन्डा र परवरसहित तरकारीका लहरा पहेंलिएर सुकेका छन् । खासमा वैशाख अन्तिम साता र जेठको सातैपिच्छे परेको पानीले हिउँदसम्म उत्पादन दिने लहरे र खुर्सानी, भन्टासहितका तरकारी बाली पहेंल्याएर सुकाएको भङ्गाहा–४ कै अर्का तरकारी किसान सरोज महतो बताउँछन्।

महोत्तरी जिल्लाका बर्दिवास नगरको चेरू, माईस्थान, सोनापेटी, ढुङ्गे, भब्सी, चेरू, टुटेश्वर, बरडाँडा र गणन्तासहित बस्ती तरकारी बालीमा परवर खेतीका लागि पकेटक्षेत्र मानिन्छ । यी बस्तीमा लगाइएको परवर अहिले गोडमेल गर्न नसक्दा पानीले गालेर लहरा पहेंलिएका, चिचिला र फल पनि कलिलैमा चाउरिएका र चुँडिएर झरेका चेरूका परवर किसान वाणिकराज काफ्ले बताउँछन्। कृषि क्षेत्रकै लामो सरकारी सेवाबाट खेतीमा फर्केका काफ्ले अवकाश प्राप्त सहसचिव हुन् ।

"भिरालो पाखो जग्गाको परवर त मौसममा सुधार आएर गोडमेल र उपचार गर्न पाए फर्कला कि ! तर, गन्हामा लगाइएको परवरको भने अब आस मर्‍यो"–काफ्लेले भने–"म आफैं गोडमेल र उपचारको कुरामा जानकार छु, तर प्रकृतिका अघि बस चल्दो रहेन छ, परवर लगाएको जग्गा चिस्यानले भासिने बनाएको छ, पसिसक्नु छैन, के को गोडमेल ! के को उपचार ?"

स्थायी सिंचाइको राम्रो प्रबन्ध नभएपछि थोरै सिंचाइबाट नै गर्न सकिने तरकारी खेतीलाई किसानले जीवनगुजाराको पेशा बनाएका छन् । जिल्लामा कुल करीब ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र कुलो नहरको सिंचाइ पुग्छ। बाँकी सबै जग्गा आकासे पानीकै भरमा गर्नुपर्ने भएको हुँदा कम सिंचाइले पुग्ने तरकारी खेती रोजेका किसानलाई अहिले लगातारको वर्षा नै पिरोलो बनेको छ।

"खेतबारीमा भन्टा, खुर्सानीका बोट र परवर, घिरौंला, झिमनी, रामतोरिया, करेला, फर्सी र लौकासहित तरकारीका बेला पानीले गालेर सुक्दैछन्"–भङ्गाहा–४ पलारका तरकारी किसान सत्यनारायण चौधरी थारू विरक्तिंदै भन्छन्–"बारीमा लरबर फल्नुपर्ने तरकारीका बिरुवा सुक्दै गएपछि घर गुजारा अब के ले गर्ने ?" जिल्लामा विभिन्न मौसमका गरी वर्षभरि १० हजार हेक्टरभन्दा बढी जग्गामा तरकारी खेती हुँदै आएको छ ।

जिल्लाका बर्दिवास, भङ्गाहा, गौशाला, बलवा र मटिहानी नगरपालिका तरकारी बालीका उर्वर पकेटक्षेत्र मानिन्छ । तर पछिल्ला केही वर्षयता मौसमले साथ नदिंदा खेतीबाट अपेक्षित आम्दानी गर्न नसकेको किसानको भनाइ छ। बालीले मागेका बेला पानी नपाएर र नचाहिंदा मुसलधारे पानी परेर उत्पादन लिन नसकेको किसान बताउँछन् । घर नजीकै बग्ने नदीनाला सिंचाइका लागि वरदान हुनुपर्नेमा राज्यको उदासीनताले ती बर्सेनि घरखेत बगाउने अभिशाप बनेका बर्दिबास–९ पशुपतिनगरका ६५ वर्षीय किसान महेन्द्र महतो बताउँछन् । "सिंचाइको राम्रो प्रबन्ध भइदिए राम्रोसँग तरकारी फलाउन सकिन्थ्यो"–महतोले भने । आफूहरूको यो मर्का तीनै तहका सरकारले बुझिदिनुपर्ने किसान बताउँछन्।

मधेस प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत वर्ष नै किसानलाई राहत दिने बताए पनि ग्रामीण बस्तीका किसानले यो फाइदा लिन सकेका छैनन्। कुलो नहर नपुग्ने जग्गामा सिंचाइका वैकल्पिक उपाय अवलम्बन, कृषि बजारको वैज्ञानिक व्यवस्थापन र आधुनिक खेती प्रणालीका लागि किसानलाई बीउबिजन, मल र उपकरण (कृषि ज्यावल) सहज र सुलभ मूल्यमा पाउने व्यवस्था गरिने प्रदेश सरकारले जनाएको छ ।

# वीरगंजका सिमेन्ट उद्योगी भन्छन्- भारत सिमेन्ट निर्यात सम्बन्धी सरकारको नीति सकारात्मक, सिमेन्ट निकासीको भित्री पाटो

राधेश्याम पटेल, परवानीपुर, २६ जेठ/

वीरगंजका सिमेन्ट उद्योगीहरूले नेपाल सरकारले आगामी वर्षमा



नेपालबाट भारतमा नेपाली सिमेन्ट निकासी गर्न जारी गरेको नीति सकारात्मक रहेको बताएका छन् ।



अशोक वैद्य, उमेशचन्द्र ठाकुर र माधव राजपाल

उनीहरूले नेपाल सरकारका तर्फबाट गत जेठ १५ गते संसद्मा अर्थमन्त्री जनार्दन शर्माले सार्वजनिक बजेट भाषणमा नेपालबाट सिमेन्ट भारत निकासी गर्ने लक्ष्य राखेकोमा यो खुशीको कुरा भएको बताएका छन्। शालिमार सिमेन्ट उत्पादन गर्ने शालिमार समूहका अध्यक्ष अशोककुमार वैद्यले सरकारले सिमेन्ट निकासी गर्ने उद्योगलाई प्रोत्साहनस्वरूप ८ प्रतिशत अनुदान रकम दिने नीति उल्लेख गर्दै १० करोडभन्दा बढीको बिजुली खपत गर्ने उद्योगलाई २ प्रतिशतदेखि १५ प्रतिशतसम्म महसूलमा छुट दिने नीतिले सिमेन्ट उद्योगी उत्साहित भएको चर्चा गर्दै, तर पनि सरकारले अझै धेरै तयारी गर्न बाँकी रहेको जानकारी गराएका छन् ।

बजेट भाषण भर्खरै जारी भएकोले यसबारे अधिकांशलाई विस्तृत जानकारी नै छैन। वीरगंज भन्सारमा व्यवसायीले सोध्दा कुनै किसिमको परिपत्र वा निर्देशन नआएको उनले बताए ।

"अहिले धेरै गर्न बाँकी छ, सिमेन्ट निकासी गर्ने कार्यविधि बनेको छैन, कार्यविधि बन्न समय लाग्छ, तर निर्णय सकारात्मक हुनुको साथै नेपालका सिमेन्ट उद्योगीको लागि सुखद खबर हो"–उनले भने–"नीति र लक्ष्य लिएर मात्र चल्दैन, त्यसका लागि वास्तवमा सिमेन्ट निकासी होस् भनेर प्रभावकारी नीति र कार्यान्वयन पक्षमा जोड दिनुपर्छ।" उनले पहिलेजस्तै अनुदानको बक्यौता नदिई व्यवसायीलाई झुलाएर बस्यो भने सिमेन्ट निकासी नहुन पनि सक्ने चिन्ता व्यक्त गरे। व्यवसायीलाई दिइने अनुदान माल निकासी भएको केही समयमैं खातामा आउँदा व्यवसायीले राज्यको नीति प्रभावकारी छ भन्ने ठान्छ, नत्र अनुदान दिने तर ५ वर्ष आलटाल गर्ने परिपाटी अन्त्य गर्न जोड दिए ।

**सिमेन्ट निर्यातको विकल्प छैन,नत्र लगानी डुब्छ**

वीरगंजको चाचान समूह अन्तर्गतको नारायणी सिमेन्ट प्रालिका प्रबन्धक उमेशचन्द्र ठाकुरले नेपालमा सिमेन्ट उद्योगमा दिनानुदिन लगानी थपिँदै गएको, उत्पादित सिमेन्टले बजार नपाएको कारण सिमेन्ट विदेश निकासी भएन भने यहाँको खर्बौं लगानी जोखिममा पर्ने बताए । उनले हालसम्म नेपालमा साना ठूला गरी करीब ६३ वटा सिमेन्ट उद्योग सञ्चालनमा रहे तापनि आफ्नै क्लिंकर उत्पादन गर्ने युनिटसहित सिमेन्ट उत्पादन गर्ने उद्योग मात्रै १८ वटा सञ्चालनमा रहेको बताए। नेपालमा वार्षिक १ करोड २० लाख टन सिमेन्टको माग तथा खपत रहेकोमा अहिले नेपाली सिमेन्ट उद्योगको उत्पादन क्षमता वार्षिक करीब अढाई करोड टन भइसकेको जानकारी दिंदै उनले सिमेन्ट भारत निर्यात भएन भने यहाँको करीब दुईदेखि अढाई खर्बको लगानी जोखिममा पर्ने विश्लेषण गरेका छन् । त्यस कारण सिमेन्ट निकासीमा जोड दिंदै सिमेन्ट उद्योगीलाई विशेष सहुलियत, अनुदान सुविधा दिएर सिमेन्ट निकासीलाई प्रोत्साहन गर्नु आवश्यक रहेको बताए। उनले सिमेन्ट उद्योगीलाई घोषणा गरिएको ८ प्रतिशत नगद अनुदान, बिजुली महसूलमा छुटसँगै कच्चा पदार्थ कोइला, फ्लाइ-एस, स्लेग, जिप्समलगायतमा पनि भन्सार महसूलमा छुट दिनुपर्ने नीति ल्याउने सुझाव दिए ।

उनले भारतीय सिमेन्टभन्दा नेपाली सिमेन्ट सस्तो र गुणस्तरीय बनाउन उद्योगीलाई यी सुविधा दिएपछि बल्ल नेपालबाट सिमेन्ट निकासी हुन सक्ने उनले ठोकुवा गरे ।

**कसरी बन्छ सिमेन्ट ?**

सिमेन्ट एक प्रकारको विभिन्न पदार्थको सम्मिश्रण हो। पक्की घर तथा भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक वस्तु भएकोले यसको चारैतिर माग र खपत हुन्छ । सिमेन्ट मुख्यतया ४-५ प्रकारको वस्तु मिसाएर बनाइन्छ । सिमेन्ट खासगरी तीन प्रकारको हुन्छ– ढलान गर्ने ओपिसी, जोडाई गर्ने पिपिसी र पिएससी । ओपिसी सिमेन्टमा ९५ प्रतिशत क्लिकंर, ५ प्रतिशत जिप्सम, पिपिसीमा ७० प्रतिशत क्लिंकर, २५ प्रतिशत फ्लाइएस र ५ प्रतिशत जिप्सम, पिएससीमा ६० प्रतिशत क्लिंकर, ३५ प्रतिशत स्लेग र ५ प्रतिशत जिप्सम मिसाएर सिमेन्ट तयार हुन्छ ।

**क्लिंकर कसरी बन्छ**

सिमेन्ट उत्पादनमा मुख्य कच्चा पदार्थ क्लिंकर हो। क्लिंकर बनाउन ७५ प्रतिशत चुनढुङ्गा, १२-१६ प्रतिशत कोइला तथा आवश्यकता अनुसार क्ले, बक्साइड र आयरन ओर आवश्यक पर्छ । क्लिंकरको चुनढुङ्गाबाहेक अन्य ५ वस्तु जस्तै भारत तथा विदेशबाट आउने कोइला, भारतबाट आउने क्ले (लालमिट्टी), स्लेग, बक्साइड र आयरन ओर एवं भूटानबाट जिप्सम आयात गरिन्छ । नेपाल सरकारले भन्सार शुल्कमा छुट दिंदा नेपालमा सस्तो क्लिंकर उत्पादन गर्न सकिन्छ। कोइला आयात गर्दा ५ प्रतिशत भन्सार र १३ प्रतिशत भ्याट लाग्छ। यसलाई घटाउन नारायणी सिमेन्टका प्रबन्धक ठाकुरको सुझाव छ।

**के हो गुणस्तर चिह्न सम्बन्धी विवाद ?**

सिमेन्ट भारत निकासी हुन थाल्यो भने बिहार, उत्तर प्रदेश तथा बङ्गलादेश, श्रीलङ्का र पाकिस्तानमा समेत नेपाली सिमेन्ट निकासी हुने बाटो खुल्ने व्यवसायीहरूको तर्क छ। वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले सिमेन्ट निकासीको लागि नेपाल सरकारले गुणस्तरसम्बन्धी समस्यामा पनि भारतीय समकक्षीसँग तत्काल वार्ता गरी बाटो क्लियर गर्न आवश्यक रहेको बताए। उनले भारतबाट आयात गरिने समानको भारतीय गुणस्तर प्रमाणपत्र चिह्नलाई मान्यता दिएर जसरी नेपाल आयात गरिन्छ, त्यसैगरी भारतीय क्रेताले नेपाली गुणस्तर चिह्नलाई भारत सरकारले मान्यता दिई निकासी गर्न दिनुपर्ने व्यवस्था लागू गर्न आवश्यक रहेको बताए। अहिले भारतमा नेपाली सिमेन्ट निकासी गर्न भारतीय गुणस्तर निर्धारण गर्ने निकायले अनुमति दिनुपर्ने प्रावधान छ, जुन अव्यावहारिक छ। यस विषयमा दुवै देशले वार्ता गरी सहमति खोज्नुपर्छ ।

**भारतीय सिमेन्टभन्दा ? ४० देखि १५० सम्म सस्तो पर्ने अनुमान**

यदि नेपालबाट भारतमा सिमेन्ट निकासी भयो भने नेपाली सिमेन्ट भारतीय बजारमा भारतीय सिमेन्टभन्दा रु ४० देखि १५० सम्म सस्तो पर्ने नेपाली व्यवसायीहरूको भनाइ छ। व्यवसायीका अनुसार जोडाइ गर्ने पिपिसी र पिएससी सिमेन्ट रु ४० देखि ८० रुपियाँ सस्तो पर्छ भने ढलान गर्ने ओपिसी सिमेन्ट १६० रुपियाँसम्म सस्तो पर्ने अनुमान छ। वीरगंज-२१ लिपनीबिर्ताका सिमेन्ट बिक्रेता मणि इन्टरप्राइजेजका सञ्चालक नागमणि उपाध्यायका अनुसार अहिले जोडाइ गर्ने शुभश्री जगदम्बा सिमेन्टको पिपिसी र पिएससी सिमेन्टको भ्याट बाहेक थोक मूल्य बोराको ४५० रहेको छ तर त्यही ब्रान्डको भारतीय ब्रान्ड अर्थात् प्रिज्म सिमेन्ट भारतमा नेरु ५४० पर्छ । रक्सौलको बजरङ्ग ट्रेर्डसका सञ्चालक सुनील कुमारका अनुसार भारतीय सिमेन्टको मूल्यमा १८ प्रतिशत जिएसटी जोडिएको हुन्छ । नेपालबाट निकासी हुने सिमेन्टको मूल्य अहिलेको भन्दा केही प्रतिशत अझै कम हुने देखिंदा भारतीय सिमेन्टको दाँजोमा नेपाली सिमेन्ट रु ४० देखि ८० रुपियाँसम्म सस्तो पर्ने आकलन छ । त्यसैगरी ढलान गर्ने ओपिसी सिमेन्टको भाउ भारतीय सिमेन्टको तुलनामा नेपाली सिमेन्टको बोरामा रु १६० सम्म सस्तो पर्ने देखिएको छ। वीरगंजको थोक बिक्रेतालाई उद्योगले रु भ्याटबाहेक थोकमा रु ५५० मा बेच्ने गरेको छ भने भारतीय सीमावर्ती बजार रक्सौलमा एसिसी ब्रान्डको सिमेन्टको दाम बोराको नेरु ७२० पर्दछ । यसमा पनि १८ प्रतिशत जिएसटी जोडिएको हुन्छ । नेपालबाट भारत सिमेन्ट निकासी हुँदा बोरामा कम्तिमा रु ५ देखि १० रुपियाँ ढुवानी भाडा छुट्याउनुपर्छ । उद्योगीले सिमेन्ट उत्पादन गरी बिल काट्दा परल मूल्य, प्रतिबोरा रु ११ अन्तःशुल्क र १३ प्रतिशत भ्याट जोडेर बिल काटने गरेका छन् । तर जब सिमेन्ट भारत निकासी हुन्छ, अन्तःशुल्क, भ्याट फिर्ता हुनुको साथै सरकारले घोषणा गरेको ८ प्रतिशत नगद अनुदान पनि पाउँछन् ।

# सहकारी क्षेत्रमा कर लगाउन गरिएको प्रस्ताव हटाउन माग

काठमाडौं, २६ जेठ/रासस

आगामी आर्थिक वर्षको बजेटमा सहकारी क्षेत्रलाई कर वृद्धिको प्रस्ताव गरिएकोमा सरोकारवाला निकाय एवं अधिकारीहरूले हटाउनका लागि जोड दिएका छन् ।

सहकारी विभाग र नेपाल सहकारी पत्रकार समाजले आज आयोजना गरेको 'बजेटमा सहकारी कार्यान्वयन चुनौती' विषयक कार्यक्रमका वक्ताले अरू क्षेत्रमा करको दर घटाइँदा सहकारी क्षेत्रमा भने वृद्धि गरिएकोमा आपत्ति जनाएका हुन्।

विभागका रजिस्ट्रार रुद्रप्रसाद पण्डितले सहकारीमा वृद्धि गरिएको करप्रति आफू पनि सन्तुष्ट हुन नसकेको बताए ।

आगामी वर्षको बजेट अघिको छलफलका क्रममा विभागले सहकारी नीति, २०६९ परिमार्जन गर्नुपर्नेलगायत सुझाव मन्त्रालयमा पेश गरेको उनको भनाइ थियो ।

आगामी आर्थिक वर्षमा सहकारी सुधारका लागि ३६ प्रतिशत बजेट वृद्धि भएको जानकारी रजिस्ट्रार पण्डितले दिए ।

राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद गुरागाईंले सहकारीमा सङ्गठित भएर कृषि काम गर्न सकिने व्यवस्था बजेटमा गरिएको बताए ।

हरेक स्थानीय तहमा ३०० कृषि स्वयंसेवक परिचालन गर्ने विषय सहकारीमार्फत गरे प्रभावकारी हुने उनको भनाइ थियो ।

कृषि केन्द्रीय सहकारी सङ्घ लिमिटेडका महाप्रबन्धक रुद्र भट्टराई, सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेल, आयोजक संस्थाका अध्यक्ष काजी श्रेष्ठ, उपाध्यक्ष तुलसीराम सुवेदी लगायतले सहकारीमा लगाइएको कर हटाउन जोड दिंदै कर नहटाए आन्दोलनमा उत्रन बाध्य हुनुपर्ने बताए।

# नेप्से परिसूचकको हरियाली एक दिन पनि टिकेन

काठमाडौं, २६ जेठ/रासस

धितोपत्र बजारमा बुधवार भएको हरियाली एक दिन पनि टिक्न सकेन । आगामी आर्थिक वर्षको बजेट सार्वजनिक




भएपछि लगातार ओरालो लागेको नेप्से परिसूचक बुधवार भने उच्च अङ्कले उकालो लागेको थियो । तर आज भने नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १७.६४ अङ्कले ओरालो लागेर दुई हजार ६२.८० मा ओर्लेको छ। त्यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ४.०१ अङ्कले घटेर ३९६.३६ मा ओर्लेको छ ।

कुल २२९ कम्पनीको ४१ लाख ५६ हजार १०४ कित्ता शेयर रु एक अर्ब ४७ करोड २६ लाख ९० हजार ५५४ मूल्यमा खरीद बिक्री भयो । बिहीवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब ३८ अर्ब ४४ करोड ७८ लाख ७० हजार बराबर भएको छ ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज व्यापार उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने बाँकी रहेको १२ उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ। व्यापार २.०६ अङ्कले उकालो लाग्दा बैंकिङ ५.७३, होटल तथा पर्यटन ३९.७१, विकास बैंक ७३.५४, जलविद्युत् ४०.५४, वित्त ३५.९८, निर्जीवन बीमा ६८.२, उत्पादन ४२.६१, अन्य २४.६४, जीवन बीमा २१.३, सामूहिक लगानी कोष ०.०६ र लगानी ०.५ अङ्कले ओरालो लाग्यो ।

नेप्सेका अनुसार कारोबारका आधारमा आज कुमारी बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु छ करोड ७४ लाख ६९ हजार ३०१ बराबरको कारोबार भयो। हिमालयन डिस्टिलरी रु चार करोड ३२ लाख २२ हजार, अरुण काबेली पावर कम्पनी रु तीन करोड ९८ लाख ९२ हजार ११०, एशियन लाइफ इनस्योरेन्स रु तीन करोड ९८ लाख ८० हजार ८९३ र नेपाल लाइफ इनस्योरेन्स कम्पनीको रु तीन करोड ९५ लाख ७२ हजार ९६२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए। नेप्सेका अनुसार उपकार लघुवित्त र बलेफी हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। त्यस्तै एनएमबी ५० को ५.२९, मिथिला लघुवित्त ३.९५ र आरबिबी म्युचुअल फन्ड एकका लगानीकर्ताले ३.९२ प्रतिशतले कमाएका छन् ।

# रु ५०० बढ्यो सुनको मूल्य

काठमाडौं, २६ जेठ/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु ५०० बढेर रु ९८ हजार पुगेको छ। उक्त सुन अघिल्लो दिन प्रतितोला रु ९७ हजार ५०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार ५०० छ। अघिल्लो दिन उक्त सुन प्रतितोला रु ९७ हजार थियो ।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा स्थिर रही प्रतितोला रु १,२८० कायम रहेको महासङ्घले जनाएको छ ।


## चिकित्सकहरुको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ राष्ट्रपतिद्वारा नौ देशका लागि नयाँ राजदूत नियुक्त

बेइजिङ, २६ जेठ/सिन्ह्वा

चिनियाँ राष्ट्राध्यक्ष सी जिन पिङले राष्ट्रिय जन काङ्ग्रेसको स्थायी समितिको निर्णय अनुसार नौ देशका लागि नयाँ राजदूत नियुक्त गरेको चीनको शीर्ष व्यवस्थापिकाले बिहीवार जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।


तस्वीरः फाइल सिन्ह्वा

नवनियुक्त राजदूतहरूमा सन हाइयानलाई सिंगापुरका लागि चिनियाँ राजदूतको जिम्मेवारी दिइएको छ भने झाङ जियानवेईलाई कुवेतका लागि राजदूत नियुक्त गरिएको छ। त्यसैगरी झाङ जियानवेईलाई कुवेतका लागि राजदूत नियुक्त गरिएको छ भने झाङ यिमिङलाई संयुक्त अरब इमिरेट्सका लागि राजदूत नियुक्त गरिएको छ। वाङ सुइकुनलाई रुवान्डाका लागि राजदूत नियुक्त गरिएको छ भने लु शानलाई बुर्किना फासोका लागि राजदूत नियुक्त गरिएको छ।

राष्ट्रपति सीले झोउ कियानलाई जर्जियाका लागि राजदूत नियुक्त गरेका छन्। त्यसैगरी हान चुनलिनलाई रोमानियाका लागि राजदूत नियुक्त गरिएको छ भने वाङ टोङकिङलाई फिनल्यान्डका लागि राजदूत नियुक्त गरिएको छ। जमैकाका लागि चेन दाओजियाङलाई राजदूत नियुक्त गरिएको विज्ञप्तिमा जनाइएको छ। रासस

## पाकिस्तानको पञ्जाबमा ९ जनाको गोली हानी हत्या

इस्लामाबाद, २६ जेठ/सिन्ह्वा

पाकिस्तानको पञ्जाब प्रान्तमा अलग अलग स्थानमा भएको गोली प्रहारमा परेर कम्तीमा नौजनाको ज्यान गएको छ। गएको २४ घन्टा यता भएका ती हमलाहरूमा नौजनाको हत्या भएको प्रहरीले जनाएको छ।

अज्ञात समूहले बुधवार यहाँका विभिन्न स्थानमा अन्धाधुन्ध गोली हानेको जनाएको हो। पञ्जाब प्रान्तको शिखुपुरा जिल्लामा गोली हानेर चारजनाको हत्या गरिएको प्रहरीले जनाएको छ।

सो स्थानमा बुधवार अपराह्न सवारी साधनमैं गोली हानेर चारजना यात्रीको हत्या गरिएको प्रहरीले जनाएको छ।

सडकमैं गोली प्रहार गरेर चारजनाको हत्या गरेर अज्ञात व्यक्ति भाग्न सफल भएको प्रहरीले जनाएको छ।

प्रहरीले खोजी अभियान जारी राखेको भए पनि बुधवार रातिसम्म पक्राउ गर्न सकेको छैन।

त्यसैगरी पञ्जाब राज्यको भवलपुर जिल्लामा पनि भ्यानमा यात्रा गरिरहेका यात्रीमाथि गोली चलाइएको थियो। त्यसमा परेर पाँचजना मारिएका थिए। सो घटनामा संलग्नको पनि प्रहरीले खोजी जारी राखेको बताएको छ। सडकमा गुडिरहेको भ्यानमा एक अज्ञात व्यक्तिले गोली हानेर भागेको थियो। रासस

## क्यालिफोर्नियामा सैनिक विमान दुर्घटनाः पेन्टागन

वाशिंगटन, २६ जेठ/एएनआई

भि–२२ ओसप्रे (सैनिक) विमान बुधवार दक्षिणी क्यालिफोर्नियामा दुर्घटनाग्रस्त भएको मरिन कोर्प्सका प्रवक्ताले स्पुतनिकलाई बताएका छन्। उक्त विमानमा कुनै आणविक सामग्री भने नभएको बताइएको छ।


तस्वीरः एजेन्सी

प्रवक्ताका अनुसार दुर्घटनामा कोही हताहत भएको पुष्टि भएको छैन। यद्यपि स्थानीय समाचार माध्यमहरूले मरिन कोर्प्स विमानमा सवार कम्तीमा चार जनाको मृत्यु भएको बताएका छन्।

"म ग्लेमिस क्यालिफोर्नियामा भि–२२ ओसप्रे दुर्घटना भएको पुष्टि गर्न सक्छु। विमानमा कुनै आणविक सामग्री भने थिएन। हामीसँग कुनै थप जानकारी छैन"–प्रवक्ताले बुधवार सो कुरा बताएको भनी समाचार माध्यमले उल्लेख गरेका छन्। क्यालिफोर्नियाको स्यान डिएगोबाट बाहिर रहेको तेस्रो मरिन एयरक्राफ्ट विङको एउटा विमान मेक्सिकोको सीमाबाट करीब ३० माइल उत्तरमा राजमार्ग ७८ र ग्लामिस शहर नजीकै दुर्घटनाग्रस्त भएको, नौसेना वायु सेवा सुविधा एल सेन्ट्रोले समेत आफ्नो फेसबूक पेजमा पुष्टि गरेको स्पुतनिकले जनाएको छ।

घटनास्थलबाट प्रतिक्रियाकर्ताको रेडियो कलले सो विमानमा आणविक सामग्री भएको सङ्केत गरेको थियो तर मरिन कोर्प्सले पछि प्रतिक्रिया दिँदै सो अनुमानलाई खारेज गरेको विज्ञप्तिमा जनाइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यलाभ |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## भारतमा कोभिड ४१ प्रतिशतले वृद्धि

नयाँदिल्ली, २६ जेठ/एएनआई

भारतमा बुधवार मध्यराति अर्थात् २४ घण्टाको समयावधिमा थप सात हजार २४० कोरोना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बिहीवार जानकारी दिएको छ।

सोमवारको तुलनामा मङ्गलवार कोरोना सङ्क्रमण ४१ प्रतिशतले वृद्धि भएको थियो। गत मङ्गलवारदेखि महाराष्ट्र राज्यमा कोरोना सङ्क्रमण वृद्धि दर बढेको पाइएको छ।

बुधवार साँझसम्म महाराष्ट्रमा दैनिक सङ्क्रमण दुई हजार ७०१ जनामा देखिएको थियो।

हाल भारतमा कोरोनाका सक्रिय सङ्क्रमित सङ्ख्या ३२ हजार ८९८ छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या भारतमा हालसम्म भएका कोरोना सङ्क्रमितको ०.०८ प्रतिशत भएको जनाइएको छ।

बुधवार मध्यरातिसम्म अर्थात् २४ घण्टाको समयावधिमा तीन हजार ३९१ लाई कोरोना निको भएपछि कोरोनाबाट मुक्त भएकाको कुल सङ्ख्या चार करोड २६ लाख ४० हजार ३०१ पुगेको छ। अहिले कोरोना भाइरस मुक्ति दर ९८.७१ प्रतिशत रहेको छ।

भारतमा कोरोना शुरू भएदेखि हालसम्म कुल ८५ करोड ३८ लाख परीक्षण भएको छ। भारतमा सन् २०२१ जनवरीदेखि राष्ट्रव्यापी खोप अभियान शुरू गरिएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९४ करोड ५९ लाख ८१ हजार ६९१ हजार खोप लगाइएको छ। रासस


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय


# सिम्रौनगढका किसान सङ्गठित हुँदै

प्रस, सिम्रौनगढ, २६ जेठ/

सिम्रौनगढ कन्काली मन्दिर प्राङ्गणमा बिहीवार सिम्रौनगढ नगरका किसानहरूको भेला सम्पन्न भएको छ।

समाजसेवी राजेश यादवको प्रमुख आतिथ्य र किसान सङ्घर्ष समिति सिम्रौनगढका अध्यक्ष रामचन्द्र महतोको अध्यक्षतामा भएको भेलाले प्रहरीद्वारा किसानहरूमाथि भइरहेको हस्तक्षेप बन्द गर, मल–खाद, बीउको व्यवस्था मिलाऊ तथा किसानको दैनिक उपभोगको किराना सामान आयातमा बाधा–अडचन नगर्न लगायत भन्सार सञ्चालन गर्न सिफारिश र नाकाबाट गाडी आवतजावतका लागि प्रवेशाज्ञा दिनेसमेत निर्णय भयो।


तस्वीरः प्रतीक

चार दिनभित्र मागको सुनुवाइ भएन भने चरणबद्ध शान्तिपूर्ण आन्दोलन गर्ने निर्णय गरिएको छ।

भेलालाई समाजसेवी सुभाष कुशवाहा, हेमचन्द्रप्रसाद जयसवार, विवेक मेहता, विजयकुमारलगायतले मन्तव्य प्रकट गरेका थिए।

कार्यक्रमको सञ्चालन सियाराम यादवले गरेका थिए। प्रमुख अतिथि राजेश यादव र अध्यक्ष रामचन्द्र महतो सहितको किसानहरूको टोलीले इलाका प्रहरी कार्यालय गई ज्ञापनपत्र बुझाएको थियो।

## सिम्रौनगढमा काङ्ग्रेसको वर्चस्व


तस्वीरः प्रतीक

प्रस, सिम्रौनगढ, २६ जेठ/

सिम्रौनगढ नगरपालिका, बारामा आज भएको कार्यपालिका सदस्यहरूको निर्वाचनमा नेपाली काङ्ग्रेसको सम्पूर्ण प्यानल विजय भएको छ।

विजयी हुनेमा अल्पसङ्ख्यकबाट उपेन्द्रप्रसाद जयसवाल, जवाहरलालसाह कानू, आशीर्वाद ठाकुर, महिला सदस्यमा सुनीतादेवी तत्वा, शकुन्तला देवी, जयपतियादेवी यादव, कान्तिदेवी कोइरी, मीनाकुमारी सन्यासी रहेका छन्।

## दलित छात्रको पठनपाठनको जिम्मेवारी गुरुकुलले लिने

महोत्तरी, २६ जेठ/रासस

ललितपुरको शङ्खमूलस्थित जगद्गुरु आदर्श संस्कृत गुरुकुलमा दलित समुदायको भएकै कारण भर्ना नपाएका चार छात्रले अब महोत्तरीको मटिहानीस्थित गुरुकुलमा पढ्न पाउने भएका छन्।

दलित भएकै कारण भर्ना नपाएको समाचार आएपछि मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयले बर्दियाको वारबर्दिया–६ का चार दलित परिवारका छात्रको पठनपाठनको जिम्मेवारी लिने भएको हो।

ललितपुर, शङ्खमूलस्थित जगद्गुरु आदर्श संस्कृत गुरुकुलमा भर्ना नपाएका १० वर्षीय समीर सुनार, १२ वर्षीय विराज सुनार, नौ वर्षीय भुवेश्वर सुनार र १० वर्षीय भीमबहादुर सुनारले अब मटिहानी गुरुकुलमा भर्ना पाउने भएका हुन्।

"बर्दियाका चारजना छात्र ललितपुर गुरुकुलमा भर्ना हुन नसकेको सञ्चारमाध्यममा देखियो"–मटिहानी, गुरुकुल राजकीय संस्कृत माविका प्राचार्य ईश्वरीप्रसाद पौडेलले भने–"हामी ती चारै छात्रको बसोवास, खानपान र पठनपाठनको जिम्मा लिन्छौं।" दलित छात्र र उनीहरूका अभिभावकको पढ्ने/पढाउने रहरको सम्मान गर्दै चारै छात्रलाई स्वागत गर्न आफ्नो गुरुकुल पर्खिरहेको पौडेलको भनाइ छ।


ललितपुरको शङ्खमूलस्थित जगद्गुरु आदर्श संस्कृत गुरुकुल। तस्वीरः फाइल

आजभन्दा ३०४ वर्ष पहिले स्थापित मुलुककै जेठो गुरुकुल मटिहानीमा बालगुरु षडाननले पनि शिक्षा लिएका थिए। गुरुकुलमा अहिले हिन्दू धर्म परम्पराका दलितमात्र नभएर इस्लाम धर्मावलम्बी छात्र पनि पढ्दैछन्।

"कोही जन्मले शूद्र वा ब्राह्मण हुँदैन, सबै कर्मले उच्च हुन सक्छन्, त्यसैले हाम्रो गुरुकुलमा सबै जातजाति र समुदायले उत्तिकै सम्मानसाथ प्रवेश पाउँछन्"–पौडेलले भने।

ललितपुरको शङ्खमूलस्थित जगद्गुरु आदर्श संस्कृत गुरुकुलमा सिट सङ्ख्या पूरा भएको भन्दै भर्ना लिन नसक्ने जनाए पनि त्यहाँ हाल ३३ मात्र छात्र रहेको बताइएको छ।

सो गुरुकुलको वेबसाइटमा सिट सङ्ख्या ५० रहेको पाइन्छ।

भर्नाका लागि केश मुण्डन र व्रतबन्ध गरी सकेपछि जातथर सोध्दा नढाँटी बताएपछि गुरुकुलका प्राचार्यले घर जान भनेको जनाइएको छ।

## प्राधिकरणले..........

भएको छ।

प्राधिकरणले मनसुनका छ महीनामा मात्रै कुल रु २५ अर्ब बराबरको बिजुली निर्यात गर्ने लक्ष्य राखेको छ। सोही आधारमा आज कुल २८४ मेगावाट बराबर बिजुली निर्यात हुनेछ। प्राधिकरणका अनुसार त्रिशूली जलविद्युत् आयोजनाको ५५३.६ मेगावाट घण्टा, देवीघाटको ३४५.५ मेगावाट घण्टा, कालीगण्डकी 'ए'को तीन हजार ३३४ मेगावाट घण्टा, मर्स्याङदीको एक हजार ५९५ मेगावाट घण्टा र मध्यमर्स्याङदीको १००३.५ मेगावाट घण्टा बराबर बिजुली निर्यात हुनेछ।

इनर्जी एक्सचेन्ज मार्केटमा प्रतियुनिट कुल भारु १२ बराबर उपलब्ध हुनेछ। त्यस्तै औसतमा कुल भारु ६.९९ र न्यूनतम भारु २.४९९ मा बिक्री हुनेछ। गत चैतमा प्रधानमन्त्री शेरबहादुर देउवाले गरेको भारत भ्रमणका क्रममा कुल ३६४ मेगावाट बराबरको बिजुली निर्यात गर्ने गरी सहमति भएको थियो। सोही आधारमा प्राधिकरणले २०० मेगावाट बराबर बिजुली खुला बजारमा समेत बिक्री गर्ने तयारी गरेको छ। त्यसका लागि एनभिभीएनलगायत कम्पनी छनोट भइसकेका छन्।

मुलुकको प्रणालीमा कुल २३०० मेगावाट बराबरको जडित क्षमता पुगेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार हाल कुल आन्तरिक माग १६३३ मेगावाट बराबर छ। प्रणालीमा लगातार बिजुली थप भइरहेको छ।

चालू आवमा कुल ६२१ मेगावाट बिजुली थप भएको छ। केही आयोजनाबाट बिजुली थपिने क्रममा नै छ। आगामी आवमा कुल ७०० मेगावाट बढी बिजुली थप हुने सरकारले प्रक्षेपण गरेको छ।

हाल प्रणालीमा प्राधिकरणको १० हजार ६७७ मेगावाट घण्टा, प्राधिकरणका सहायक कम्पनीबाट ११ हजार २५१ मेगावाट घण्टा, निजी क्षेत्रका आयोजनाबाट १४ हजार ९२२ मेगावाट घण्टा बिजुली उपलब्ध छ।

भारततर्फ बिजुली निर्यातको मात्रा बढेपछि टनकपुर बिन्दुबाट भने दुई हजार ८६ मेगावाट घण्टा बराबरको बिजुली आयात भइरहेको छ। पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइनको क्षमता नभएको कारण टनकपुरबाट बिजुली आयात गर्नुपरिरहेको छ।

पश्चिम क्षेत्रमा ठूला जलविद्युत् आयोजना नभएकाले त्यहाँको आन्तरिक माग धान्नका लागि पनि बिजुली आयात गर्नुपरिरहेको छ। प्राधिकरणले कुल ८७ मेगावाट बिजुली आयात गरिरहेको छ। त्यसलाई वर्षाको समयमा रोक्नका लागि पनि पूर्वको बिजुली पश्चिम पठाउने प्रसारण लाइन निर्माणमा भइरहेको अवरोध हट्नुपर्छ।

नवलपरासीको दुम्कीबासमा दुईवटा टावर निर्माणमा स्थानीयले अवरोध गरेका कारण विगत १२ वर्षदेखि निर्माण सम्पन्न हुन सकेको छैन।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लगातार प्रयास गरे पनि सर्वोच्च अदालतले आवश्यक फैसला नगरिदिंदा प्रसारण लाइन निर्माण हुन सकेको छैन।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# धान पाक्ने बेलामा शिकारीबासमा हात्तीको आतङ्क

तस्वीरः प्रतीक



प्रस, ठोरी, २६ जेठ/

पर्साको ठोरी गाउँपालिका–३, शिकारीबासमा चैते धान पाक्ने बेला भएपछि हात्तीले दुःख दिन शुरु गरेको छ। बुधवार राति चितवन राष्ट्रिय निकुञ्जबाट प्रवेश गरेको हात्तीले शिकारीबासमा लगाइएको चैते धान बालीमा क्षति पुऱ्याएको स्थानीय ओमप्रकाश चौधरीले बताए।

बुधवार राती झुण्डमा गाउँ पसेको हात्तीको बथानले चैते धान बाली नष्ट गरेको उनले बताए। गएराति चितवन राष्ट्रिय निकुञ्जबाट पसेको जङ्गली हात्तीले स्थानीय कृषकहरूको धान बाली कुल्चेर नष्ट पारेको छ। केही दिनपछि भदई धान काट्ने बेला भएकोले हात्तीको झुन्डले धान नोक्सान पार्न थालेपछि शिकारीवासका कृषकहरू चिन्तित छन्। किसान ओमप्रकाश चौधरीको करीब ५ कट्ठा खेत हात्तीले कुल्चेर नष्ट गरेको छ।

जङ्गलको सिमानासँग जोडिएको शिकारीबासको खेतीवारीमा चैत धान पाक्ने क्रममा छ र यहि बेला दैनिकी जसो बँदेल, नीलगाई, हात्तीलगायत जनावरहरूले दुःख दिन थालेको स्थानीयबासीले बताए। जङ्गली जनावरबाट धान बाली जोगाउंन कृषकहरूले अहिले राती जाग्राम बस्न शुरु गरेका छन। हात्ती, बँदेल, नीलगाईबाट धान बाली जोगाउन दर्जनौं किसानहरू रूखमा मचान बनाई बस्ने गरेका छन्।

ठोरी गापाको निर्मल बस्तीबाट उत्तरतर्फ घना जङ्गल छ र सो जङ्गलभित्र चितवन र पर्सा राष्ट्रिय निकुञ्जको दोसाँधमा शिकारीबास गाउँ छ।

# काठ बरामद, तस्कर फरार

तस्वीरः प्रतीक



बलिराम शुक्ला, बिरूवागुठी २६ जेठ/

पर्सागढी नगरपालिका–१ जमुनिया गाउँनजीक बगैंचाबाट बिहीवार बिहान वन गस्ती टोलीले तीनथान सालको चारपाटे काठसहित तीनवटा साइकल बरामद गरेको छ।

सबडिभिजन वन कार्यालय बडनिहारका जमदार प्रदीप तिमल्सिनाको कमान्डमा खटेको टोलीले काठ र साइकल बरामद गरेको हो। टोलीलाई देखेपछि तस्कर हरू काठ र साइकल छाडेर फरार भएका थिए। काठ र साइकल कारबाईको लागि सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको छ भने तस्करहरूको खोजी भइरहेको वन कार्यालयले जनाएको छ।

पछिल्लो समय पर्साको राष्ट्रिय वनबाट काठ चोरी तस्करीमा वृद्धि भएको स्थानीयले बताएका छन्।




# खेलकूदको संसार

## एएफसी एशियन कप छनोट : नेपाल जोर्डनसँग पराजित

काठमाडौं, २६ जेठ/रासस

एएफसी एशियन कप, २०२३ छनोटको तेस्रो चरण अन्तर्गत समूह 'ए' को खेलमा नेपाल जोर्डनसँग पराजित भएको छ। कुवेतको जबेर अल अहमद अन्तर्राष्ट्रिय रङ्गशालामा जोर्डनले नेपाललाई २–० गोल अन्तरले हराएको हो।

खेलको पहिलो हाफमा नेपाल र जोर्डनले गोलरहित बराबरी खेलेका थिए। दोस्रो हाफमा भने जोर्डनले दुई गोल गऱ्यो। पहिलो हाफको ४३औं मिनेटमा नेपालका गोलकीपर दीप कार्की जोर्डनका मौसा मोहमद सुलेमानको पेनाल्टी बचाउन सफल भएका थिए। उनले जोर्डनसँगको खेलमा डेब्यु गरेका हुन्। गौतम श्रेष्ठले जोर्डनका मोहमद फैजललाई पेनाल्टी बक्सभित्र लडाएपछि पेनाल्टी पाएको हो।

दोस्रो हाफमा जोर्डनका लागि अली ओल्वान र हाम्जा अल दारदौरले एक एक गोल गरे। ओल्वानले खेलको ६९औं मिनेटमा तथा दारदौरले खेलको ८२औं मिनेटमा गोल गरेका थिए। नेपाल भने गोल गर्नबाट चुक्यो। नेपाल अङ्क तालिकाको पुछारमा रहेको छ। नेपालले अर्को खेल शनिवार कुवेतसँग खेल्नेछ।

## आफ्नो अन्तिम खेलमा नेपालले मलेशियालाई हरायो

काठमाडौं, २६ जेठ/रासस

आइसिसी उन्नाइस वर्षमुनि (यु–१९) महिला टी–ट्वान्टी विश्वकप एशिया छनोट अन्तर्गत मलेशियाविरुद्ध आफ्नो अन्तिम खेलमा नेपालले जीत हासिल गरेको छ।

मलेशियाको युकेएम ओभल क्रिकेट मैदानमा आज भएको आफ्नो अन्तिम खेलमा नेपालले घरेलु टोली मलेशियालाई २५ रनले पराजित गरेको हो। यो खेलसँगै नेपालको विश्वकप खेल्ने सपना सकिएको छ।

नेपाल छनोटमा ६ अङ्क जोड्दै तेस्रो स्थानमा रह्यो। नेपालले ५ खेलमा ३ जीत र २ हार बेहोरेको थियो। नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो भने दोस्रो खेलमा संयुक्त अरब इमिरेट्सँग (युएई) १० विकेटले पराजित भएको थियो। त्यस्तै तेस्रो खेलमा नेपालले भूटानलाई ४ विकेटले हराएको थियो भने चौथो खेलमा थाइल्यान्डसँग ४९ रनले पराजित भएको थियो। यस हारसँगै मलेशिया ५ खेलमा ४ अङ्क जोडेर चौथो स्थानमा रह्यो। छनोटमा युएई ८ अङ्क जोडेर शीर्ष स्थानमा रहेको छ। थाइल्यान्ड ८ अङ्क जोडेर दोस्रो स्थानमा छ। आज हुने थाइल्यान्ड र युएईबीचको खेलले विश्वकपमा पुग्ने टोली निर्धारण गर्नेछ।

आजको खेलमा नेपालले दिएको ८७ रनको विजयी लक्ष्य पछ्याएको मलेशिया निर्धारित २० ओभरमा ४ विकेट गुमाएर ६१ रनमा समेटियो। मलेशियाको लागि एल्सा हन्टरले सर्वाधिक २८ रन जोडिन्। त्यसबाहेक अन्य ब्याटरले उत्कृष्ट खेल प्रदर्शन गर्न सकेनन्। नेपालकी कप्तान कृतिका मरासिनीले दुई विकेट लिइन् भने मनीषाकुमारी उपाध्यायले एक विकेट लिइन्। त्यस अघि टस जितेर पहिले ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ८६ रनको योगफल बनाएको थियो। नेपालका लागि अञ्जली विश्वकर्माले सर्वाधिक ३३ रनको योगदान दिइन् भने आस्मा पुलामी मगरले २६ रन जोडिन्। त्यसैगरी सृष्टि जैसी, सानु राजवंशी र अनु कठायतले समान तीन/तीन रन जोड्दा कृतिका मरासिनीले एक रन जोडिन्। मलेशियाकी नूर सामेदले दुई विकेट लिइन्।

छनोटमा नेपालसहित, मलेशिया, युएई, थाइल्यान्ड, भूटान र कतार रहेका छन्। शीर्ष टोलीले आगामी वर्ष दक्षिण अफ्रिकामा आयोजना हुने यु–१९ विश्वकप खेल्नेछ।

# महायज्ञ आयोजन गरी लक्ष्मीनारायण र जगदम्बा माई मन्दिरमा प्राण प्रतिष्ठा

तस्वीरः प्रतीक



प्रस, परवानीपुर, २६ जेठ/

बारा, परवानीपुर गाउँपालिका–४ चैनपुरस्थित श्री लक्ष्मीनारायण जगदम्बामाई मन्दिरमा मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा गरिएको छ।

करीब तीस वर्षदेखि निर्माण भइरहेको लक्ष्मीनारायण मन्दिर र चार वर्षदेखि निर्माण भइरहेको जगदम्बामाई मन्दिरको निर्माण सम्पन्न भई प्राण प्रतिष्ठा गरिएको हो। प्राण प्रतिष्ठाकै लागि करीब २५ लाख लागतमा श्री लक्ष्मीनारायण जगदम्बामाई प्राणप्रतिष्ठा महायज्ञ आयोजना गरिएको छ।

जेठ १९ गते जलयात्रा गरी शुभारम्भ भएको महायज्ञ जेठ २७ गतेसम्म पूजापाठ र २८ गते विसर्जन हुने कार्यतालिका छ। महायज्ञमा सर्कस, झुलुवालगायत मनोरञ्जनात्मक कार्यक्रम र मेला लागेको छ। मेलामा साँझ ६ बजेदेखि राति २ बजेसम्म भजनकीर्तन तथा रामलीला र श्रद्धालु भक्तजनको भीडभाड लागिरहेको छ।

दुईवटा मन्दिर निर्माणमा करीब एक करोड ६० लाख खर्च भइसकेको महायज्ञ आयोजक समितिका अध्यक्ष सत्यनारायण साहले जानकारी गराए।

मन्दिर निर्माणको क्रममा चाचान समूह, रुँगटा समूह, केडिया समूह, नेकपा एमालेकी पूर्वसांसद नजमा खातुन, लोसपाका नेता जितेन्द्र सोनल, परवानीपुर गापा–४ कार्यालय तथा स्थानीय गाउँलेले चन्दा सहयोग गरेका छन्। मन्दिरसँगै तीन कोठे धर्मशाला निर्माण भएको छ भने करीब सात लाखको मूर्ति राजस्थानबाट खरीद गरी ल्याइएको छ।

महायज्ञमा पर्सा, बाराका दर्जनौं गाउँका हजारौं श्रद्धालु भक्त दैनिक आइरहेका छन्।


## हावाहुरीबाट बचौं र बचाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतमा गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चट्याङ्ग लागेर दुईजनाको मृत्यु

प्रस, सप्तरी, २६ जेठ/

सप्तरीमा बिहीवार दिउँसो चट्याङ लागेर दुईजनाको मृत्यु भएको छ।

सप्तरीको बोदे बरसाइन नगरपालिका–३ मधुवनमा आज दिउँसो गाई चराउन गएको बेला चट्याङ लागेर मधुवन गाउँका ५६ वर्षीय रामजी यादव र ८० वर्षीय सत्यनारायण यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय, बोदेले मृतक यादवद्वय गाई चराउन गएका बेला वर्षा भएको र एउटै छातामा ओत लागेका दुवैजना चट्याङ लागेर मृत्यु भएको जनाएको छ।

# अज्ञात व्यक्तिको शव बरामद

प्रस, रक्सौल, २६ जेठ/

भारत, बिहार रक्सौलस्थित कस्टम कार्यालय नजीक नालाबाट एकजना व्यक्तिको शव बरामद भएको छ।

मृतकको पहिचान खुल्न नसकेको प्रहरीले जनाएको छ।

शवलाई पोस्टमार्टमका लागि मोतिहारी पठाइएको हरैया थाना प्रभारी विवेककुमार जैसवालले बताएका छन्।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |